थाहादर्शन साप्ताहिक

# कृषि वनः चेपाङ समुदायमा बैकल्पिक आयस्रोत बन्दै

२४ बर्षका पविन्द्र प्रजा (चेपाङ) लाई आफ्नो बिगतको पारिवारिक घटना सम्झँदा अत्यास लागेर आउँछ । चेपाङ समुदायमा देखिने गरिबी, अनिकाल समस्यासँग जुध्दै गर्दा उनको परिवारले जुन बाध्यताको सामना गर्नुपर्‍यो, त्यो अत्यन्तै कारुणिक पनि छ ।

राक्सिराङ गाउँपालिका वडा नं ५ का पविन्द्र प्रजाका दुईजना दाजुहरू अकालमै ज्यान जानुपर्ने वातावरण सिर्जना गरको गरिवीले नै हो । रैथाने हिसावले परम्परागत रूपमा गर्दै आइएको खोरिया खेती प्रणाली र त्यसबाट उत्पादन भएको अनाजले एक बर्ष पनि खान नपुग्ने भएकाले उनका बुवा, आमा र दाजुहरू हरेक बर्ष कृषिको काम गर्नका लागि चितवन तथा अन्य क्षेत्रहरूमा जानुपर्ने बाधयता थियो ।

कतिपय अबस्थामा पविन्द्र आफै पनि मजदुरीका लागि गएका थिए । उनी यतिखेर बुद्धिमतापूर्ण ढंगले काम नगर्नाले पुर्खाले दुःख पाएको बताउँछन् । 'तीनमहिनाभन्दा बढी खान नपुग्ने', पविन्द्र भन्छन्-'दशैतिहार पनि राम्ररी मान्न नपाउँदै साहूको काममा हाजिर हुनुपर्ने बाध्यता हाम्रो परिवारमा थियो । किनकी साहूकै ऋणबाट हामीले चाडपर्वहरू मान्दै आइरहेका थियौं ।'

ज्याला मजदुरीका लागि चितवन गएका जेठा दाजुलाई क्षरगले समात्यो । यो घटना १० बर्षअघिको हो । त्यसपछि उनले रगतै खोक्ने र छाद्न थाले । समयमै उपचार पाएनन् । उपचारका लागि लैजाँदा समय बितिसकेको अबस्था थियो । क्षयरोगको उपचार हुन्छ भन्ने सम्म जानारी पविन्द्रको परिवारलाई थिएन । काम गर्न लगाउने साहूले आफ्ना कामदार बिरामी हुँदा समेत वास्ता गरेन । जसका कारण पविन्द्रका जेठा दाजुले संसार त्याग्नुपर्‍यो ।

'त्यो घटनालाई म अहिले पनि ताजा रूपमा सम्भिरहेको छु', पविन्द्र भन्छन्-'दाजु गुमाउनुपर्ने अरू कुनै कारण नै होइन, हामीभित्रको गरिवी र चेतना नै हो ।' आफ्ना परिवारसँग पेटभरि खान पुग्ने अन्न भइदिएको भए सायद ज्यालादारी काम गर्न जानुपर्दैनथ्यो भन्दै पविन्द्र भन्छन्-'आवश्यकभन्दा बढी समय काम गर्दाको परिणाम स्वरूप दाजुको ज्यान गयो ।'

उनका जेठा दाजु मात्र होइन, अर्का माइला दाजुको पनि यस्तैगरी निधन भयो । काम गर्दागर्दैको अबस्थामा चितवनमै माइला दाजुको पनि मृत्यु भएपछि यो परिवार बिक्षिप्त भयो । तीन दाजुभाई छोरामध्ये अहिले पविन्द्र मात्र छन् । तर पविन्द्रलाई ती घटनाहरू ताजै महसुस भइरहेको छ । पविन्द्रको अहिलेको बुझाई चाहिँ गरिवीकै कारण यस्तो भएको हो भन्ने ठहर छ । यदि पेटभरि खान पुग्ने जग्गा र त्यसबाट उत्पादन भएको अन्न हुन्थ्यो भने सायद यस्तो पीडा पविन्द्रको परिवारले भोग्नुपर्दैनथ्यो । यतिखेर यस्तो बुझेका पविन्द्रलाई कसरी यस्तो सोचाई आयो भन्ने कथा फरक छ । जब उनी कृषि वनको व्यवस्थापनमा लागे, त्यसपछि यी सब कुराहरू एकपछि अर्को गर्दै उनको वरिपरि घुमिरहेको छ ।

पविन्द्रको परिवारमा अहिले ७ जना छन् । २ कक्षमा छोरा पढ्ने भएको छ । १० रोपनीजति खोरिया छ । जहाँ मकै, गहत, मास लगायत परम्परागत खेती गर्दै आइरहेका छन् । यो परम्परागत खेती उनको पुर्ख्यौली नै हो भन्दा फरक पर्दैन । उनले थाहा पाएदेखि नै मास, गहत, मकै, जुनेलो लगायत खेती हुँदै आएको छ उनको खोरियामा । बुवा, हजुरवुबाले पनि यस्तै खेती गर्दै आइरहेका थिए ।

पछिल्लो समयमा मनहरी विकास संस्था (एमडीआई) नेपालले पविन्द्रजस्तै राबाङका किसानहरूलाई कृषि वन व्यवस्थापन गर्न सिकाएपछि भने उनीहरूको मुहारमा खुसी भेटिन थालेको छ । किनकी मास, गहत र मकैको मात्र खेती गर्दै आइरहेका उनीहरूका लागि अहिले नगद रकम आउने खेती पनि हुन थालेको छ । त्यो हो-कृषि वनको केरा, अम्रिसो, कटहर लगायत खेती ।

हुन पनि हो, खेर गइरहेका जग्गामा जब पविन्द्रले केरा, अम्रिसो र कटहरहरू रोपे, त्यसले दिएको फलबाट उनको दैनिक जीवन र घरखर्च चलेको छ । नून, तेल, मसला किन्नका लागि उनले कृषि वनकै भर गरेका छन् । 'महिनामै ३-४ हजार रुपियाँको केरा बेच्ने गरिएको छ ।', पविन्द्र भन्छन्'केरा अम्रिसो बेचेर आएको पैसाले घरखर्च चलेपछि परिवारमा शान्ति मिलेको छ ।' खेर गइरहेका खोरियाहरूमा केरा, अम्रिसो लगायतका वनष्पति र फलफुल रोपेपछि पविन्द्रका जीवनमा यस्तो खुसी आएको हो ।

स्थानीय मनहरी बजारमा लगेर केरा बेचेपछि त्यही केरा बेचेको रकमले बोराका बोरा चामल, दाल, तरकारी आफ्नो घरमा भित्रिने गरेको उनी सुनाउँछन् । यही बुद्धि लगाएर काम नगर्नाले बुवा, हजुरबुबा तथा दाजुहरूले दुःख पाएको र जीवन खेर फालेको उनको अनुभव छ । भन्छन्-'उनीहरूले मैलेजस्तै कृषि वन बनाएर अम्रिसो, केरा, कटहरहरू उत्पादन गर्न सकेको भए चितवनमा ज्याला गर्न जानैपर्दैनथ्यो ।'

अहिले पविन्द्रको १० रोपनी जग्गामा कृषि वन निर्माण भएको छ । कृषि वनले दिएको हरियालीबाट पनि उनी सन्तुष्ट छन् । वारिपारि मासको मात्रै खेती गर्ने गाउँहरूमा देखिएको माटो र नांगो डाँडाहरू देखेर पविन्द्र खुसी छैनन् । ती डाँडाहरूमा पनि कृषि वन निर्माण गर्न सके वातावरण पनि हरभरा हुने र आर्थिक उपार्जन पनि हुने उनको तर्क ।

भौंतारिँदै हिँडिरहेको अबस्थामा गारिवी निबारण कोष र मनहरी विकास संस्थाले राबाङमा सामुदायिक संस्था गठन गरी नियमित बचत गर्ने र कृषि वन समेत निर्माण गर्ने उपायहरू सुझाएपछि पविन्द्रको सुखको दिन सुरुवात भएको हो । नत्र त दाजुहरूजस्तै चितवनको खेतहरूमा मजदुरी गर्न जानुपर्ने बाध्यता आफूलाई पनि आइपर्ने अनुमान गर्छन् उनी । जुन दिन गाउँमा सामुदायिक संस्था गठन गरेर पवित्र कामको थालनी गरियो,त्यसैले नै हामी सबैको मुहारमा उज्यालो छरेको छ', पविन्द्रले भने । पविन्द्र मात्र होइन, उनीजस्तै राबाङका चेपाङ समुदायको अहिले बैकल्पिक आम्दानीको स्रोतको रूपमा कृषि वन रहेको छ । जहाँ कटहर, केरा, अम्रिसो जस्ता नगदे फलफुल खेती हुनेगरेको छ ।

दैनिक घरखर्च टार्न तथा आफ्ना बालबालिकाहरूलाई पढाउनका लागि कापीकलमको समेत खर्च जोहो गर्न उनीहरूलाई सजिलो भएको छ । उनीहरू दिनानुदिन कृषि वन बिस्तार गर्दै अघि बढ्न थालेका छन् ।




पविन्द्र प्रजा (चेपाङ
राबाङ सामुदायिक संस्था, राक्सिराङ-५

**पछिल्लो समयमा मनहरी विकास संस्था (एमडीआई) नेपालले पविन्द्रजस्तै राबाङका किसानहरूलाई कृषि वन व्यवस्थापन गर्न सिकाएपछि भने उनीहरूको मुहारमा खुसी भेटिन थालेको छ । किनकी मास, गहत र मकैको मात्र खेती गर्दै आइरहेका उनीहरूका लागि अहिले नगद रकम आउने खेती पनि हुन थालेको छ । त्यो हो-कृषि वनको केरा, अम्रिसो, कटहर लगायत खेती ।**


## साउण्ड सिस्टम चाहियो ?

के तपाई ठूला तथा साना सार्वजनिक कार्यक्रमहरू आयोजना गर्दै हुनुहुन्छ ? यदि त्यसो हो भने साउण्ड सिस्टम, जेनेरेटर तथा भिडियो क्यामेराको व्यवस्था छ । हामीकहाँ टिभी, रेडियो, मोबाइल सेट, बत्तीहरू एबम् इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामानहरू सुपथ मूल्यमा पाइनुका साथै मर्मत पनि गरिन्छ । साथै डिस होमको बिक्री तथा रिजार्ज कार्डहरू पाइन्छ ।



**रमेश सिडी सेन्टर**
चैनपुररोड, मनहरी बजार-९८४५०७१०१२

## मनहरी बजारमा ६ दशकदेखि सेवामा हाजिर

मनहरी बजारको मेनरोडमा ५५ बर्षदेखि लजिङ तथा फुडिङको व्यवस्थापन गर्दै आएको यस होटल एण्ड लजमा स्वागत छ ।

*वाईफाई सुविधासहित..............................*

● ४० जनासम्म राख्न सकिने क्षमता भएको ● माछा, मासुसहितको उत्कृष्ट खाना र खाजा
● उपयुक्त पार्किङ व्यवस्था भएको ।

**सायमी होटल एण्ड लज**
मेनरोड, मनहरी बजार/सम्पर्कः ९८५५०६७७७५